**नेपाली** / ***NEPALI***

**लागि: विद्यार्थी, संकाय तथा कर्मचारीहरू**

**बाट: Robert Cramer, अर्थ तथा प्रशासनका उपकुलपति**

**विषय: अपडेट: क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरूका बारेमा महत्त्वपूर्ण विवरणहरू**

**मिति: जुन २८, २०२६**

विद्यार्थी, संकाय तथा कर्मचारीहरू,

मैले शुक्रबार तपाईंहरूलाई खबर गरेको थिएँ कि क्याम्पसमा चिसो पानी लग्ने पाइप फुटेको हुनाले भवनहरूलाई शीतल बनाउने (*air conditioning*) क्षमता एकदमै कम गराएको छ। मामिलालाई जटिल बनाउन, आउने हप्ता यस सालको एकदमै गर्मी हुने, जहाँ ओस सहित तापक्रम ९० डिग्री भन्दा माथि पुग्ने अनुमान गरिएको छ।

*UW–Madison* का परिसर योजना तथा व्यवस्थापनका टोलीहरूले छोटो समयका समस्या कम गर्न सकिने उपायहरूका साथसाथै दीर्घकालीन समाधान खोज्दै छन्। मर्मत कार्यलाई कम्तीमा पनि एक महिना लाग्ने अपेक्षा गरिएको छ।

यस समयमा, **कक्षा, काम र सामान्य व्यवसायका लागि क्याम्पस खुला रहनेछ**। तर हामीले धेरै कुराहरू मिलाउने छौं। यीनमा समावेश छन्:

- **तापक्रम समायोजनहरू:** आज आइतवार, जुन २८ बाट शुरू हुने गरि, बिरामी स्याहार, अनुसन्धान अनि व्यक्तिगत रूपको कक्षामा असर कम गर्ने जस्ता एकदमै महत्त्वपूर्ण क्षेत्रहरूलाई शीतल बनाउन प्राथमिकता दिइने हुनाले गर्दा क्याम्पसका धेरै परिसरहरूमा भित्रि तापक्रम धेरै बढ्नेछन्।
- **परिसरहरू अस्थायी रूपमा बन्द गरिने:** धेरै भवनहरू (तल देखाइएका) मा शीतल बनाउने प्रणालीहरू पुरै बन्द गरिनेछ। यी भवनहरू सर्वसाधारणहरूका लागि अस्थायी रूपमा बन्द गरिनेछ र सोमवार, जुन २९ को अन्त्यमा ताला लगाइनेछ।

यी बदलहरूले तपाईंलाई यसरी असर गर्नेछन्:

**विद्यार्थीहरू:** धेरैजसो गर्मी महिनाका कक्षाहरूलाई सारिनेछ। यदि तपाईंको कक्षाहरू सारिंदैछ भने, तपाईंले आफ्नो शिक्षकबाट सारिएको ठाउँको जानकारी पाउनुहुनेछ।

**कर्मचारीहरू:** तल देखाइएका भवनहरू सोमवार सामान्य रूपमा चल्नेछन् र मङ्गलवारबाट अस्थायी रूपमा बन्द गरिनेछ।

यी भवनहरूमा काम गर्ने कर्मचारीहरूले सोमवार आफ्नो सामान्य काम गर्नुपर्दछ र मङ्गलवारबाट शुरू हुने बन्द हुने अवधि भरि आफ्नो म्यानेजर वा सुपरभाईजरसँग कुरा गरेर वैकल्पिक कामको व्यवस्थापन मिलाउनुपर्ने हुन्छ।

विकल्पमा समावेश छन्:

- यदि घरैबाट काम गर्न मिल्छ भने त्यसो गर्ने।
- क्याम्पसको कुनै खुला भवनमा सर्ने।
- घरैबाट काम गर्न वा सर्न दिन कामहरू अस्थायी रूपमा बदल्ने।
- दुर्लभ परिस्थितिहरूमा, कर्मचारीहरूले बन्द भवनमा काम जारी राख्नका लागि सुपरभाईजर वा म्यानेजरसँग अनुरोध गर्न सक्छन्।

**भवन पहुँच:** यदि तपाईं तल देखाइएको भवन मध्ये कुनैमा काम गर्नुहुन्छ भने, तपाईंले सोमवार काममा सामान्य रूपमा रिपोर्ट गर्नुपर्नेछ र आवश्यक सामानहरू दिनको अन्त्यमा लिएर जानुपर्नेछ। यदि तपाईंले आफ्ना सामानहरू सोमवार लिएर जान सक्नुभएन भने, तपाईंले कहिले सक्नुहुन्छ र सामानहरू लिएर जान भवन प्रवेशका लागि पहुँच आवश्यक छ या छैन कृपया आफ्नो सुपरभाईजरलाई खबर गर्नुहोला। हामीले अवस्था मूल्याङ्कन गर्न जारी राखेका छौँ र अवस्था बमोजिम थप भवनहरूलाई सूचीमा राख्न सक्नेछौं।

**काग्रकम तथा सेवाहरू:** धेरै कार्यक्रम र सेवाहरू सारिन सकिनेछ, अन्लाईन बनाउन सकिनेछ वा अन्य तरिकाले बदल्न सकिनेछ। यदि alerts.wisc.edu वेबसाईटमा जानकारी नभएमा, अपडेटहरूका लागि कार्यक्रम वा सेवाको वेबसाईट हेर्नुहोला वा आयोजकलाई सम्पर्क गर्नुहोला।

हाम्रो आकार र जटिलता हुने क्याम्पसमा, यस सन्देशमा सम्बोधन गर्न वा थप सहयोग आवश्यक पर्ने परिस्थितिहरू पक्कै पनि आउनेछन्। समाधान पहिचान गर्न कृपया यो धेरै सोधिएका प्रश्नहरू हेर्नुहोला वा आफ्नो डीन वा निर्देशकको कार्यालय, सुपरभाईजर वा भवन म्यानेजरसँग काम गर्नुहोला।

अन्तमा, हामीले बुझेका छौँ कि यो एउटा कठिन परिस्थिति हो र हामी यसलाई चाँडै समाधान गर्न सक्दो प्रयास गरिरहेका छौं। *UW–Madison* लाई महान् बनाउने एउटा कारण भनेको हाम्रो उद्देश्य पूरा गर्न जारी राख्ने समाधानहरू खोज्न एकजुट हुने हाम्रो इतिहास पनि हो र मलाई कुनै शंका छैन कि हामी फेरि त्यसो गर्नेछौं।

फेरि पनि तपाईंको समझदारीका लागि धन्यवाद।

Robert Cramer

अर्थ तथा प्रशासनका उपकुलपति

तल देखाइएका भवनहरू मङ्गलवार, जुन ३० तारिखबाट सर्वसाधारणका लागि बन्द हुनेछन् र ताला लगाइनेछ:

- *21 N. Park Street*
- *45 N. Charter Street*
- *Agricultural Hall*
- *Agricultural Engineering Hall*
- *Armory & Gymnasium (Red Gym)*
- *Bascom Hall*
- *Bradley Memorial Building*
- *Educational Sciences*
- *Fleet & Service Garage*
- *Grainger Hall*
- *Henry Taylor Hall*
- *Hiram Smith Hall*
- *Ingraham Hall*
- *Kurt F. Wendt Commons*
- *Music Hall*
- *North Hall*
- *Radio Hall*
- *Science Hall*
- *Service Memorial Institute*
- *South Hall*
- *Stock Pavilion*
- *William H. Sewell Social Sciences Building*
- *William S. Middleton Building*

**यी भवनहरू प्रायजसो सर्वसाधारणका लागि बन्द हुनेछन् तर विशेष क्षेत्र र कामहरूका लागि आंशिक पहुँच र शीतल बनाउने प्रणाली जोगाइनेछ। *FP&M* का कर्मचारीहरू भवन म्यानेजरहरूसँग विस्तृत योजना बनाउन काम गरिरहेका छन्।**

- *445 Henry Mall*
- *Bardeen Medical Laboratories*
- *Below Alumni Center (One Alumni Place)*
- *McArdle Building*
- *Medical Sciences Center*
- *Nancy Nicholas Hall*
- *University Club (432 East Campus Mall)*
- *Van Hise Hall*
- *Van Vleck Hall*
- *Vilas Communication Hall*
- *W. J. Brogden Psychology Building*